२०६६ साल जेठ २९ गते रोज ६ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को निर्णय –

१. यसैसाथ संलग्न नेपाल सरकार (कार्य विभाजन) (दोस्रो संशोधन) नियमावली, २०६६ स्वीकृत गर्ने ।

२०६६ साल जेठ २२ गते रोज ६ का दिन १५.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवारमा बसेको मन्त्रिपरिषद्को निर्णय –

१. एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरुको मञ्चको सदस्यता बापत नेपालले बुझाउनु पर्ने शुल्कको भुक्तानी विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।११-०६६।२।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. सिन्धुली सडक आयोजना तेस्रो खण्ड निर्माणको लागि जापान सरकारले नेपाल सरकारलाई उपलब्ध गराउने अनुदान सहयोग स्वीकार गरी सम्झौता पत्रमा हस्ताक्षर गर्न अख्तियारी प्रदान गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१३-०६६।२।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. झापा जिल्लाको पशु क्वारेन्टाईन कार्यालय, काकडभिट्टा केन्द्र विन्दु मानी वर्ड फ्लू रोग संकटग्रस्त क्षेत्र घोषणा फुकुवा गर्ने विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।१९-०६६।२।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (डा. युवकध्वज जी.सी.लाई) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२०-०६६।२।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री सुरेशबाबु तिवारी समेतलाई) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२१-०६६।२।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (डा. दामोदर सेढाई समेतलाई) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।२२-०६६।२।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. कैलालीका पत्रकार जगतप्रसाद जोशीको हत्या सम्बन्धमा गठित जाँचबुझ आयोगको म्याद थप गर्ने विषयको गृह मन्त्रालयको नं. ६।१९-०६६।२।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. राजपत्रांकित प्रथम श्रेणीमा वढुवा नियुक्ति गर्ने (श्री राधेश्याम श्रेष्ठ समेतलाई) विषयको जलस्रोत मन्त्रालयको नं. ७।१-०६६।२।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री सूर्यबहादुर राउतलाई) विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।४-०६६।२।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री गुरुप्रसाद ढकाल समेतलाई) विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।७-०६६।२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री चिरञ्जिवी कार्कीलाई) विषयको भौतिक योजना तथा निर्माण मन्त्रालयको नं. १०।८-०६६।२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री गोपालप्रसाद उपाध्याय समेतलाई) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।२-०६६।२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा नियुक्ति गर्ने (श्री जगन्नाथ कोइराला समेतलाई) विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।३-०६६।२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१४. लोक सेवा आयोगका कार्यवाहक अध्यक्ष तथा सदस्यहरुको विभिन्न मित्रराष्ट्रहरुको अध्ययन भ्रमण विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१२-०६६।२।१४ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. बढुवा नियुक्ति गर्ने (श्री प्रबोधसागर ढकाललाई) विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।१४-०६६।२।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१६. Global Platform for Disaster Risk Reduction कार्यक्रममा भाग लिन जान स्वीकृति दिने (निमित्त कार्यकारी अधिकृत श्री नारायण गोपाल मलेगोलाई) विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।५-०६६।२।२१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१७. सम्मानीत सर्वोच्च अदालतबाट समय-समयमा भएका निर्देशनात्मक आदेशहरु समयमा नै कार्यान्वयन गर्नुपर्नेमा केही आदेशहरु कार्यान्वयन भएको नदेखिंदा त्यस्ता आदेशहरु कार्यान्वयन गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने -

(क) नयाँ कानून बनाउनुपर्ने वा प्रचलित कानूनमा संशोधन गर्नुपर्ने भएमा तीन महिना भित्र आवश्यक कानूनको मस्यौदा तर्जुमा गरी स्वीकृतिका लागि सम्बन्धित मन्त्रालयले पेश गर्ने ।

(ख) मन्त्रालयतहबाटै कार्यान्वयन हुन सक्ने विषयहरु एक महिना भित्र कार्यान्वयन गरी मन्त्रिपरिषद्लाई जानकारी गराउने ।

(ग) आर्थिक व्ययभार व्यहोर्नुपर्ने कार्यहरुको लागि अर्थ मन्त्रालयसंग समन्वय राखी आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने व्यवस्था मिलाउने ।

(घ) निर्देशनात्मक आदेश कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नुपर्ने भएमा निर्णयका लागि एक महिना भित्र मन्त्रिपरिषद् समक्ष पेश गर्ने ।

(ङ) उल्लिखित निर्णय मनासिव माफिकको कारण भई कार्यान्वयन हुन नसकेको अवस्थामा बाहेक तोकिएको समयमा कार्यान्वयन नभएमा सम्बन्धित सचिवलाई जिम्मेवार बनाउने

(च) माथि उल्लिखित कार्यहरु भए नभएको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कानून तथा मानव अधिकार महाशाखा हेर्ने सचिवले गर्ने ।

१८. मन्त्रिपरिषद्, विधेयक समितिको मिति २०६५।९।२८ गतेको निर्णयानुसार व्यवस्थापिका संसद समक्ष पेश भएको “काठमाडौं उपत्यका शहरी विकास ऐन, २०६५” को विधेयक फिर्ता लिने ।